तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ३ मिति : २०७४/०५/१९

भाग-२

तमानखोला गाउँपालिका

## कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७४

आज्ञाले,

खिम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत

**तमानखोला गाउँपालिकाको कोषहरु**

१. मर्मत सम्भार कोष

२. दैवी प्रकोप राहत कोष

३. जेहेन्दार तथा विपन्न छात्रवृत्ति कोष

४. लागत सहभागिता कोष

५. कृषि तथा पशु लागत सहभागिता कोष

६. बिरामी तथा सुत्केरी सहायता कोष

७. सामाजिका सुरक्षा कोष

८. खेलकुद विकास कोष

# तमानखोला गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन सम्बन्धि कार्यविधि-२०७४

## १. प्रस्तावना :

तमानखोला गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को यिनम बमोजिम यस गाउँपालिकाबाट निर्माण गरी कार्य सम्पन्न गरिएका पूर्वाधारहरु सडक, भवन तथा खानेपानी मर्मत गर्ने अभिप्रायले यो तमानखोला गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७४ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ । गाउँकार्यपालिकाको बैठकबाट पारित भए पछि तुरुन्त कार्यान्वयन हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "**नियमावली"** भन्नाले तमानखोला गाउँपालिका कार्यसम्पादन नियमावली, २०७४ सम्झनुपर्दछ ।

(ख) "**वडा अध्यक्ष"** भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ ।

(ग) "**सदस्य"** भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनुपर्दछ ।

(घ) "**अध्यक्ष"** भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ ।

(ङ) "**कार्यपालिका"** भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(च) "**वडा समिति"** भन्नाले गाउँपालिकाको वडा समिति सम्झनुपर्दछ ।

## ३. कोषबाट खर्च गर्ने व्यवस्था :

(क) कोषको रकम खर्च गर्द रु. १ लाखसम्म वडा कार्यालयको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यलयले गर्नेछ र एक लाखभन्दा माथि खर्च गर्दा गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार गरिनेछ ।

(ख) मर्मत सम्भार कोषबाट विनियोजित रकमको आवश्यकता अनुसार प्राविधिक स्टिमेट, काम सम्पन्न प्रतिवेदन, निर्णय, निवेदन, काम सम्पन्न बिल भरपाई, काम सम्पन्न भउको वडा कार्यालयको सिफारिसमा भएमा भुक्तानी गरिनेछ ।

(ग) कोष खर्च गर्द ३ प्रतिशत कन्टिन्जेन्सी काटिनेछ ।

(घ) कोषबाट यस गाउँपालिकाबाट निर्माण गरि कार्य सम्पन्न गरिएका पूर्वाधारहरु सडक, भवन तथा खानेपानी मर्मतका कार्यमा मात्र खर्च गरिनेछ ।

## ४. संशोधन तथा बाधा अड्काउ फुकाउने

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँपालिकाको कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँपालिकाको कार्यपालिकाले परिमार्जन तथा संशोधन गन सक्नेछ ।

**तमानखोला गाउँपालिकाको दैवी प्रकोप राहत कोष सञ्चालन सम्बन्धि कार्यविधि-२०७४**

**१. प्रस्तावना :**

तमानखोला गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिकाभित्र प्राकृतिक तथा दैवी प्रकोपबाट भएको क्षतिबाट स्थानीय जनताहरुलाई पर्न गएको क्षतीमा तत्काल राहत र उद्धार गर्ने अभिप्रायले यो तमानखोला गाउँपालिकाको दैवी प्रकोप राहत कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ । गाउँ कार्यपालिकाको बैठकबाट पारित भए पछि तुरुन्त कार्यान्वयन हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "**नियमावली**" भन्नाले तमानखोला गाउँपालिकाको कार्यसम्पादन नियमावली २०७४ सम्झनुपर्दछ ।

(ख) "**वडा अध्यक्ष**" भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ ।

(ग) "**सदस्य**" भन्नाले गाउँपीलकाको वडा सदस्य सम्झनुपर्दछ ।

(घ) "**अध्यक्ष**" भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ ।

(ङ) "**कार्यपालिका**" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(च) "**वडा समिति**" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनुपर्दछ ।

(छ) "**दुर्घटना**" भन्नाले गाडी दुर्घटना, भिरपाखाबाट लडेको, रुखबाट खसेको, चट्याङलाई सम्झनुपर्दछ ।

(ज) "**दैवी प्रकोप**" भन्नाले आगलागी, बाढी पहिरो, चट्याङलाई सम्झनुपर्दछ ।

(झ) "**पूर्ण क्षती**" भन्नाले घर भत्किनुका साथै अन्नपात र लत्ताकपडा समेत नष्ट भएको अवस्थालाइ सम्झनुपर्दछ ।

(ञ) "**आंशिक क्षती**" भन्नाले घर भत्किएको तर अन्नपात र लत्ताकपडा नष्ट नभएको अवस्थालाई सम्झनुपर्दछ ।

(ट) "**प्रहरी**" भन्नाले स्थानीय प्रहरी चौकी वा नेपाल प्रहरीबाट खटिएको प्रहरी कर्मचारी सम्झनुपर्दछ ।

**३. कोषबाट खर्च गर्ने व्यवस्था :**

(क) आगोलागी तथा बाढी पहिरोको कारण घर पूर्ण क्षती भएमा रु. १० हजार र आंशिक क्षती भएमा रु. ५ हजार दिइनेछ ।

(ख) बाढी पहिरोले पुरिएका र भत्किएका, खोला वा नदीले कटान गरी पूर्ण क्षती भएका घरको लागि रु. १० हजार र आंशिक क्षती भएको घरको लागि रु. ५ हजार दिइनेछ ।

(ग) दुर्घटनामा परी मानवीय क्षती भएमा मृत्यु रु. २५०००, घाइतेको प्रकृति हेरर रु. ५००० देखि रु. १०,००० सम्म उपलब्ध गराइनेछ ।

(घ) राहत रकम सम्बन्धित व्यक्ति वा एकाघरको सदस्यको निवेदन, प्रहरी रिपोर्ट, वडा कार्यालयको सिफारिसको आधारमा उपलब्ध गराइनेछ ।

(ङ) कुनै घटनाको कारण तत्कालै उद्धार गर्नुपर्ने भएमा प्रत्यक्ष घटना विवरणका आधारमा -ग) बमोजिमाको कागजात नभएपनि भुक्तानी दिइनेछ ।

(च) दैवी प्रकोप राहत कोषको रकम यस कार्यविधिमा उल्लेख भए बमोजिम गाउँकार्यपालिकाको कार्यालयले भुक्तानी गर्नेछ ।

**३. संशोधन तथा बाधा अड्काउ फुकाउने**

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यकताअनुसार गाउँकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

**तमानखोला गाउँपालिकाको जेहेन्दार छात्रवृत्ति कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४**

**१. प्रस्तावना :**

तमानखोला गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिकाका विद्यार्थीहरुको विद्यालय स्तरको अध्ययन र उच्च शिक्षामा सहज पहुँचका वृद्धि गर्ने अभिप्रायले यो तमानखोला गाउँपालिकाको जेहेन्दार छात्रवृत्ति कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ । गाउँकार्यपालिकाको बैठकबाट पारित भए पछि तुरुन्त कार्यान्वयन हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "**नियमावली**" भन्नाले तमानखोला गाउँपालिकाको कार्यसम्पादन नियमावली, २०७४ सम्झनुपर्दछ ।

(ख) "**वडा अध्यक्ष**" भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ ।

(ग) "**सदस्य**" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनुपर्दछ ।

(घ) "**अध्यक्ष**" भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ ।

(ङ) "**कार्यपालिका**" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(च) "**वडा समिति**" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनुपर्दछ ।

(छ) "**विद्यालय**" भन्नाले यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयलाई सम्झनुपर्दछ ।

(ज) "**शिक्षा शाखा**" भन्नाले गाउँपालिकाको शिक्षा शाखा सम्झनुपर्दछ ।

(झ) "**विपन्न**" भन्नाले घरको आम्दानीले ६ महिनाभन्दा कम खान पुग्ने परिवारलाई सम्झनुपर्दछ ।

**३. कोषबाबट खर्च गर्ने व्यवस्था :**

(क) यस तमानखोला गाउँपालिका भित्र प्राथमिक विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थी मध्ये १५ जनालाई रु.१,०००। का दरले छात्रवृत्ति उपलब्ध गराईनेछ ।

(ग) यस तमानखोला गाउँपालिका भित्र माध्यामिक विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थी मध्ये १५ जनालाई रु.२,०००। का दरले छात्रवृत्ति उपलब्ध गराईनेछ ।

(घ) यस तमानखोला गाउँपालिका भित्र माध्यमिक विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थी मध्ये कक्षा ११ मा ३ जना र कक्षा १२ मा ३ जनालार्य विज्ञान विषयमा रु. ७,०००। र अन्य विषयमा रु. ५,०००। का दरले छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(ङ) यस तमानखोला गाउँपालिका भित्र माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थी र यस गाउँपालिकामा संचालन नभएका विषयका हकमा तमानखोला गाउँपालिका भित्र माध्यमिक विद्यालयबाट कक्षा १० उत्तीर्ण गरी अन्य स्थानमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थी मध्ये कक्षा ११ मा ३ जना र कक्षा १२ मा ३ जनालाई विज्ञान विषयमा रु. ७,०००। र अन्य विषयमा रु. ५,०००। का दरले छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(ङ) तमानखोला गाउँपालिकाभित्र माध्यमिक विद्यालयबाट कक्षा १० उत्तीर्ण गरी प्राविधि विषय १५ वा १८ महिने कोर्ष र प्राविधिक विषय ३ वर्षे कोर्ष अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई क्रमश : ७,०००। र १०,०००। छात्रवृत्ति उपलब्ध गराईनेछ ।

(च) सम्बन्धित विद्यालयको नियमित तथा जेहेन्दरा भएको सिफारिस, गरिब परिवारका भनी वडा कार्यालयको सिफारिस, स्थानीय तहको शिषा शाखाको सिफारिसमा छात्रवृत्ति उपलब्ध गराइने छ ।

**४. संशोधन तथा बाधा अड्काउ फुकाउने**

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँपालिकाको कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यकतानुसार गाउँपालिकाको कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

# तमानखोला गाउँपालिकाको लागत सहभागिता कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४

## १. प्रस्तावना :

तमानखोला गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिकाभित्र निर्माण हुने पूर्वाधारजन्य कार्य, युवा, महिला, अपाङ्गता भएका व्यक्ति, विपन्न परिवारका व्यक्तिहरुको सीप, क्षमता विकास, लागत सहभागिता कोष सञ्चालन सम्बन्धि कार्यविधि २०७४ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ । गाउँ कार्यपालिकाको बैठकबाट पारित भए पछि तुरुन्त कार्यान्वयन हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "**नियमावली"** भन्नाले तमानखोला गाउँपालिकाको कार्यसम्पादन नियमावली २०७४ सम्झनुपर्दछ ।

(ख) **"वडा अध्यक्ष"** भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ ।

(ग) **"सदस्य"** भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनुपर्दछ ।

(घ) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ ।

(ङ) **"कार्यपालिका"** भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(च) **"वडा समिति"** भन्नाले गाउँपालिक ाको वडा समिति सम्झनुपर्दछ ।

(छ) **"पूर्वाधार"** भन्नाले पुल, सडक, ढलनिकास, फोहोरमैला व्यवस्थापन, खानेपानी आदि सम्झनुपर्दछ।

(ज) **"गैरसरकारी संस्था"** भन्नाले नियमानुसार दर्ता भई यस गाउँपालिकामा कार्यक्षेत्र भएको संस्था सम्झनुपर्दछ ।

## ३. कोषबाट खर्च गर्ने व्यवस्था :

(क) यस गाउँपालिकामा सरकारी तथा गैर सरकारी संस्थासँगको साझेदारीमा संचालन गर्न सकिने पूर्वाधार निर्माणका कार्यक्रम वा योजनामा १० प्रतिशत वा सो भन्दा बढी क्षमता र आवश्यकता तथा उपलब्धिका आधारमा गाउँ कार्यपालिकाको निर्णयको आधारमा लगानी गरिनेछ ।

(ख) युवा, महिला, अपाङ्गता भएका व्यक्ति, विपन्न परिवारका व्यक्तिहरुको सीप, क्षमता विकास, तालिमको लागि कार्यक्रम तथा योजनाको प्रकृति हेरेर बढीमा १० हजार सम्म लगानी गर्न सकिनेछ । उक्त रकम लगानी गर्दा कार्यक्रमको प्रकृति अनुसार निश्चित शर्तहरु राखिनेछ । सो भन्दा बढी लगानी गर्नुपरेमा कार्यक्रमको उद्देश्य, फाइदाको आधारमा गाउँकार्यपालिकाको निर्णयानुसार गरिनेछ ।

(ग) आयोजना तथा कार्यक्रम हुने वडा कार्यालयको सिफारिस, सम्बन्धित व्यक्तिको निवेदन र प्रतिवद्धता, सम्बन्धित संस्थासँगको सम्झौता पत्रको आधारमा लगानी गरिनेछ ।

## ४. संशोधन तथा बाधा अड्काउ फुकाउने

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँपालिकाको कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यकतानुसार गाउँपालिकाको कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

**तमानखोला गाउँपालिकाको कृषि तथा पशु लागत सहभागिता कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४**

**१. प्रस्तावना :**

तमानखोला गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिकाभित्र व्यवसायिक रुपमा कृषि तथा पशुपालन गर्ने कृषक  व्यवसायी (जो आफ्नो जीवनयापन गर्ने उद्देश्यले लागेको छ । लाई सहयोग, प्रोत्साहन र कृषि पशुपालनको व्यवसायी उत्पादन गर्ने अभिप्रायले यो तमानखोला गाउँपालिकाको कृषि तथा पशु लागत सहभागिता कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ । गाउँ कार्यपालिकाको बैठकबाट पारित भए पछि तुरुन्त कार्यान्वयन हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "**नियमावली**" भन्नाले तमानखोला गाउँपालिकाको कार्यसम्पादन नियमावली २०७४ सम्झनुपर्दछ ।

(ख) "**वडा अध्यक्ष**" भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ ।

(ग) "**सदस्य**" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनुपर्दछ ।

(घ) "**अध्यक्ष**" भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ ।

(ङ) "**कार्यपालिका**" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(च) "**वडा**" समिति भन्नाले गाउँपालिक ाको वडा समिति सम्झनुपर्दछ ।

(छ) "**समूह**" भन्नाले नियमानुसार दर्ता भइ क्रियाशिल रहेको समूहलाई सम्झनुपर्दछ ।

**३. कोषबाट खर्च गर्ने व्यवस्था :**

(क) प्रत्येक वडामा कृषि संकलन केन्द्र स्थापना गनै आवश्यक सहयोग गर्ने ।

(ख) तमानखोला गाउँपालिका भित्रमा कृषकले उत्पादन गरेका वस्तु सबैभन्दा धेरै विक्री गर्ने उत्कृष्ट कृषक र पशुपालक किसानलाई प्रोत्साहन स्वरुप रु. ५,०००। देखि रु. २५,०००। सम्म पुरस्कार दिन सकिनेछ ।

(ग) व्यवसायिक रुपमा कृषि तथा पशुपालन गर्ने कृषक तथा पशुपालक किसानलाई योजना वा कार्यक्रमको लक्ष्य, उद्देश्य र का मगर्न सक्ने क्षमताका आधारमा ५ प्रतिशतदेखि २० प्रतिशत सम्म अनुदान दिन सकिनेछ । यस्ता प्रकारका सहयोगमा गाउँ कार्यपालिकाको कार्यालयले आवश्यक शर्तहरु बनाइ कार्यान्वयन गर्नेछ ।

(घ) यस कार्यक्रमका लागि सहकारी तथा समूहलाई प्राथमिकता दिइने छ ।

(ग) यस्ता लागत सहभागिता कार्यक्रमका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस, सम्बन्धित व्यक्ति वा समूहको निवेदन र प्रतिवद्धता पत्रको आधारमा लगानी गरिनेछ ।

**४. संशोधन तथा बाधा अड्काउ फुकाउने**

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँपालिकाको कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यकतानुसार गाउँपालिकाको कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

**तमानखोला गाउँपालिकाको बिरामी तथा सुत्केरी सहायता कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४**

**१. प्रस्तावना :**

तमानखोला गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिकाभित्र स्थायी बसोबास गरी रहेका बासिन्दाहरुलाई जटिल प्रकारका रोग तथा स्वास्थ्य चौकीमा सुत्केरी हुने महिलाहरुलाई तत्कालिन सहयोग उपलब्ध गराउने अभिप्रायले यो तमानखोला गाउँपालिकाको बिरामी तथा सुत्केरी सहायता कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ । गाउँकार्यपालिकाको बैठकबाट पारित भए पछि तुरुन्त कार्यान्वयन हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "**नियमावली**" भन्नाले तमानखोला गाउँपालिकाको कार्यसम्पादन नियमावली २०७४ सम्झनुपर्दछ ।

(ख) "**वडा अध्यक्ष**" भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ ।

(ग) "**सदस्य**" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनुपर्दछ ।

(घ) "**अध्यक्ष**" भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ ।

(ङ) "**कार्यपालिका**" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(च) "**वडा समिति**" भन्नाले गाउँपालिक ाको वडा समिति सम्झनुपर्दछ ।

(छ) "**दिर्घ र जटिल रोग**" भन्नाले नेपाल सरकाले जटिल रोग भनी वर्गीकरण गरेका रोगहरु सम्झनुपर्दछ ।

**३. कोषबाट खर्च गर्ने व्यवस्था :**

(क) तमानखोला गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा प्रसुती गराउने सुत्केरी महिलालाई स्वास्थ्य संस्था ल्याउने र लाने खर्चवापत रु. १, ०००। सहयोग उपलब्ध गराइनेछ ।

(ख) तमानखोला गाउँपालिकाका जनताहरु कुनै दीर्घ तथा जटिल रोग लागेमा उपचारार्थ स्वास्थ्य संस्थाको बिरामी भर्ना पूर्जा (OPD Ticket) वडा कार्यालयको सिफारिस र स्थानीय स्वास्थ्य संस्थाको सिफारिसमा १० हजार सम्म अनुदान सहयोग उपलब्ध गराइनेछ ।

(ग) तमानखोला गाउँपालिकाको स्वास्थ्य संस्थाबाट प्रसुती हुन नसकी जटिलता देखा परेको कारण रेफर गर्नुपरेमा प्रसूती सम्बन्धि बिरामी महिलालाई रिफरल खर्च वापत रु. ५,०००। सहयोग उपलब्ध गराइनेछ ।

(घ) सुत्केरी हुँदा वा सुत्केरी भएको २८ दिन भित्र सुत्केरीको कारणले मृत्यु भएमा मृतकका परिवारलाई रु. १०,०००। अनुदान सहयोग गरिनेछ ।

(ङ) यस अन्तर्गतका सहयोग रकम गाउँकार्यपालिकाको कार्यालयले निर्णय गरी उपलब्ध गराउनेछ ।

**४. संशोधन तथा बाधा अड्काउ फुकाउने**

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँपालिकाको कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यकतानुसार गाउँपालिकाको कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

**तमानखोला गाउँपालिकाको सामाजिक सुरक्षा कोष सञ्चालन सम्बन्धि कार्यविधि-२०७४**

**१. प्रस्तावना :**

तमानखोला गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिका भित्रका सम्पूर्ण असहाय, अपाङ्ग, जेष्ठ नागरिकहरुको सुरक्षा तथा क्षमता विकास गर्ने अभिप्रायले यो तमानखोला गाउँपालिकाको सामाजिक सुरक्षा कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ । गाउँकार्यपालिकाको बैठकबाट पारित भए पछि तुरुन्त कार्यान्वयन हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "**नियमावली**" भन्नाले तमानखोला गाउँपालिकाको कार्यसम्पादन नियमावली २०७४ सम्झनुपर्दछ ।

(ख) "**वडा अध्यक्ष**" भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्दछ ।

(ग) "**सदस्य**" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनुपर्दछ ।

(घ) "**अध्यक्ष**" भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनुपर्दछ ।

(ङ) "**कार्यपालिका**" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(च) "**वडा समिति**" भन्नाले गाउँपालिक ाको वडा समिति सम्झनुपर्दछ ।

(छ) "**असहाय, अपाङ्ग, जेष्ठ नागरिक**" भन्नाले नेपाल सरकारले तोकेबमोजिम सम्झनुपर्दछ ।

**३. कोषबाट खर्च गर्ने व्यवस्था :**

(क) तमानखोला गाउँपालिका भित्रका सम्पूर्ण असहाय, अपाङग, जेष्ठ नागरिकहरुलाई अनुदान सहयोग तथा न्यानो कपडा र पोषण खानेकुरा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ ।

(ख) अपाङ्ग (पूर्णरुपमा अपाङ क वर्गलाई रु. ५,०००। ख वर्ग रु. २,०००। वार्षिक रुपमा अनुदान सहयोग वडाको सिफारिस वा निवेदनको आधारमा दिइनेछ ।

(ग) अपाङ्ग विद्यार्थी शैक्षिक सामाग्री सहयोग र आवश्यकतानुसार अनुदान सहयोग गरिनेछ ।

(ङ) अपाङ्ग जेहेन्दार विद्यार्थी छात्रवृत्ति ५ जनालाई रु. ५,०००। सहयोग अनुदान दिइनेछ ।

(च) सम्बन्धित विद्यालयको सिफारिस, वडा कार्यालयको सिफारिस र स्थानिय शिक्षा शाखाको सिफारिसको आधारमा सहयोग उपलब्ध गराइनेछ ।

**४. संशोधन तथा बाधा अड्काउ फुकाउने**

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँपालिकाको कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यकतानुसार गाउँपालिकाको कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

# तमानखोला गाउँपालिकाको खेलकुद विकास कोष सञ्चालन सम्बन्धी कार्यविधि-२०७४

**१. प्रस्तावना :**

तमानखोला गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम बमोजिम यस गाउँपालिकाभित्र सञ्चालन हुने विभिन्न किसिमका खेलकुद कार्यक्रमलाई व्यवस्थि तगर्न र खेलकुद क्षेत्रको विकासगर्ने अभिप्रायले यो तमानखोला गाउँपालिकाको खेलकुद विकास कोष सञ्चालन सम्बन्धि कार्यविधि, २०७४ कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ । गाउँ कार्यपालिकाको बैठकबाट पारित भए पछि तुरुन्त कार्यान्वयन हुनेछ

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **"नियमावली"** भन्नाले तमानखोला गाउँपालिकाको कार्यसम्पादन नियमावली २०७४ सम्भनुपर्दछ ।

(ख) **"वडा अध्यक्ष"** भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्भनुपर्दछ ।

(ग) **"सदस्य"** भन्नाले गाउँपालिकाको वडा सदस्य सम्भनुपर्दछ ।

(घ) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्भनुपर्दछ ।

(ङ) **"कार्यपालिका"** भन्नाले गाउँपालिकाको कार्यपालिका सम्भनुपर्दछ ।

(च) **"वडा समिति"** भन्नाले गाउँपालिक ाको वडा समिति सम्भनुपर्दछ ।

**३. कोषबाट खर्च गर्ने व्यवस्था :**

(क) तमानखोला गाउँपालिकामा खेलकुद क्षेत्रलाई व्यवस्थि तगर्न गाउँपालिका स्तरीय एक खेलकुद विकास समिति र प्रत्येक वडामा खेलकुद विकास उपसमिति गठन गरिनेछ ।

(ख) तमानखोला गाउँकार्यपालिकाले तोकेको गाउँसभा सदस्य संयोजक, तोकिएको कर्मचारी सदस्य सचिव, वडा समिति संयोजक सदस्य ६, विषयगत खेलका समिति सदस्य रहने गरी तमानखोला गाउँपालिका स्तरको एक खेलकुद विकास समिति गठन गरिनेछ ।

(ग) तमानखोला गाउँपालिकाका वडा भित्रका सम्पूर्ण दर्ता भउका युवा क्लबहरुलाई समेटेर सबै वडामा एक वडा स्तरीय खेलकुद विकास उपसमिति गठन गरिनेछ ।

(घ) खेलकुद विकास समितिले विभिन्न खेलकुदका कार्यक्रमको वार्षिक क्यालेण्डर बनाई मेला संचालन गर्ने गराउने, मेलासम्बन्धी निर्देशिका बनाइ कार्यपालिकामा सिफारिस गर्ने र आवश्यकताअनुसार खेलकुद सामाग्री उपलब्ध गराउने र सहयोग गर्ने, गाउँपालिकामा सिफारिस गर्ने लगायतका कार्य गर्नुपर्नेछ ।

(ङ) खेलकुद विकास उपसमितिले दर्ता भएका युवा क्लब सँग समन्वय गर्ने मेला लगाउने कार्यतालिका बनाउने कार्य गर्नुपर्नेछ ।

(च) तमानखोला गाउँपालिका भित्रका कुनै पनि विधाका खेलाडी उपल्लो स्तरको खेलमा छनौट, भएमा रु. ५ हजार देखि १० हजार सम्म प्रोत्साहन स्वरुप पुरस्कार सहयोग गरिनेछ ।

**४. संशोधन तथा बाधा अड्काउ फुकाउने**

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँपालिकाको कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यकतानुसार गाउँपालिकाको कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।